# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७८/०७९
चलानी नं. ६४५
मिति: ..................

फोहोरमैला व्यवस्थापन र राजमार्ग दायाँबायाँ खाली गर्ने बारेमा

बनेपा नगरपालिकाको हार्दिक अनुरोध

(प्रकाशित मिति: २०७८।५।१८)

आदरणीय नगरबासी दाजुभाई दिदीबहिनीहरु

बनेपा नगरपालिका क्षेत्रभित्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन स्थलको अभावका कारण सिसडोल स्थित ल्याण्ड फिल साइडमा व्यवस्थापन गरिदै आएको सबैमा विदितै छ । हालको अविरल वर्षाका कारण उल्लेखित फोहोर व्यवस्थापन स्थलसम्म पुग्ने मार्ग अवरुद्ध भएका कारण बनेपामा संकलन हुने फोहोर व्यवस्थापन गर्न कठिनाई भईरहेको छ । नियमित रुपमा फोहोर व्यवस्थापन स्थलसम्म सवारी साधन सञ्चालन हुनासाथ साविकमा झैं घर पसलबाटै फोहोर संकलन गरिने भएकाले हालको विषम परिस्थितिमा देहाय बमोजिम गर्न गराउन हुन सम्पूर्ण नगरबासी दाजुभाइ दिदीबहिनीहरुमा बनेपा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

१. आफ्नो घर पसलबाट निस्कने फोहोर सडक दायाँबायाँ, सार्वजनिक स्थल तथा बसपार्क क्षेत्रमा नफाल्ने ।

२. फोहोर संकलनका लागि आउने सवारी साधनमा मात्र आफ्नो घरपसलको फोहोर राख्ने व्यवस्था मिलाउने ।

३. सडक विभागको तत्वावधानमा अरनिको राजमार्ग दायाँबायाँ तत्कालैबाटो कालोपत्रेको काम हुने भएकाले राजमार्ग दायाँबायाँ सवारी साधन पार्किङ गर्ने, निर्माण तथा व्यापारिक सामग्री राख्ने तथा फुटपाथ क्षेत्रमा पसलहरु राख्ने कार्य तत्काल बन्द गरी राजमार्ग दायाँबायाँको क्षेत्र खाली गर्ने ।

४. कसैले यस सूचनाको अवज्ञा गरी सार्वजनिक स्थलमा फोहोर फालेमा बनेपा नगरपालिकाको आर्थिक ऐन २०७८ बमोजिम रु. १५,०००। सम्म जरिवाना हुनका साथै प्रचलित कानून बमोजिमका थप कार्वाही समेत हुनेछ ।

५. कसैले निषेधित क्षेत्रमा निर्माण सामग्री वा व्यापारिक वस्तु राखेमा वा सवारी साधन पार्किङ गरेमा बनेपा नगरपालिकाको आर्थिक ऐन २०७८ बमोजिम रु. २५,०००। सम्म जरिवाना हुनका साथै त्यस्तो सामग्री जफत समेत हुन सक्ने छ ।

६. तसर्थ नगरलाई स्वच्छ सफा राख्न र राजमार्ग दायाँबायाँ व्यवस्थित बनाउन सबैले आआफ्नो क्षेत्रबाट सहयोग हुन समेत बनेपा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

नगर प्रमुख
बनेपा नगरपालिका
प्रमुख

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

६. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः

६.१ कार्यपालिकाले बनेपा नगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थान, सडक वा नगरपालिकाको स्वामित्वमा रहेका निश्चित स्थानहरुमा सवारी पार्किङ्ग गर्न वा पसल व्यवसाय गर्न वा व्यापारिक वा निर्माण सामाग्रीहरु थुपार्न नपाउने गरी निषेधित क्षेत्र तोक्न सक्नेछ । त्यसरी निषेध गरिएका क्षेत्रमा उल्लेखित बमोजिमका कार्य गर्नेलाई प्रमुखको आदेशले देहाय बमोजिम दण्ड जरिवाना गरिनेछ । त्यस्तो व्यक्तिका हकमा नगरपालिकाबाट उपलव्ध गराइने सेवा सुविधा रोक्का राख्न सकिने छ ।

क) पहिलो पटकका लागि रु. १,०००। सम्म जरिवाना ।

ख) दोस्रो पटकका लागि रु. ५,०००। सम्म जरिवाना ।

ग) तेस्रो पटक देखि बडी भएमा रु. २५,०००। सम्म जरिवाना गरी सम्बन्धित सामान जफत समेत गर्न सकिने छ ।

घ) यस दफा बमोजिमको निषेधित क्षेत्रमा राखिएका सामान सार्नुहटाउनु पर्ने भई नगरपालिकाकै तर्फबाट त्यस्तो सामान सार्नुहटाउनु पर्ने भएमा त्यसरी सार्दा हटाउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न सकिने छ ।

६.२ नगरपालिकाले निर्धारण गरेको स्थान, तरिका र समयमा बाहेक अन्य स्थान, तरिका वा समयमा फोहोर निस्कासन गर्नेलाई प्रमुखको आदेशले रु. १५,०००। सम्म जरिवाना गर्न र त्यस्तो व्यक्तिका हकमा नगरपालिकाबाट उपलव्ध गराइने सेवा सुविधा रोक्का राख्न सकिने छ ।